नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र संख्या:- ०७८/०७९

चलानी नं:- ३६

मिति: २०७८/०४/२९

विषय:-**वैदेशिक अध्ययन/तालिम छात्रवृत्तिमा मनोनयन गर्ने सम्वन्धमा।**

श्री सबै निकाय।

तपसिल अनुसारको अध्ययन/तालिम कार्यक्रममा तहाँ मन्त्रालय वा मन्त्रालय अन्तर्गतवाट मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४० ख (३)वमोजिम गठित समितिको मिति २०७८/०४/२८ गते बसेको ३४१ औं बैठकवाट निर्णय भएकोले उक्त कार्यक्रममा उपयुक्त उम्मेद्वार मनोनयन गरी मनोनित कर्मचारीको नाम, सम्पर्क नं. र ईमेल ठेगाना आवश्यक कार्यार्थ परराष्ट्र मन्त्रालयमा पठाउनुहुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरी सोको जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै, तालिम तथा अध्ययन कार्यक्रममा उम्मेद्वार मनोनयन गर्दा कार्यक्रमसँग असम्वन्धित व्यक्तिको मनोनयन भई सम्बन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनी निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समूह र श्रेणीभित्रका समावेशी महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपसिलः

| क्र.सं. | अध्ययन/तालीम/ अध्ययन भ्रमण सेमिनारको विषय | सिट संख्या | अवधि | अवसर प्रदान गर्ने निकाय | अध्ययन/तालीम वितरण गरिएकानिकाय/ निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|
| १ | "Swiss Government Excellence Scholarships" | not stated | 2022-2023 | Switzerland/Swiss Government Excellence Scholarship | सबै निकायलाई खुला गर्ने । |
| २ | "Swiss Government Excellence PhD Scholarships" | not stated | 2022-2023 | Switzerland/Swiss Government Excellence Scholarship | सबै निकायलाई खुला गर्ने । |
| ३ | "Swiss Government Excellence Postdoctoral Scholarships" | not stated | 2022-2023 | Switzerland/Swiss Government Excellence Scholarship | सबै निकायलाई खुला गर्ने । |

(राजेन थापा)
शाखा अधिकृत

श्री सुचना प्रविधि शाखा,
website मा upload गरी
सबैलाई जानकारी गराऔं
२०७८।४।४